**नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ कात्तिक १२ गतेको बैठकका निर्णयहरू:**

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को अनुसूची-२ मा हेरफेर गर्ने।<br>(पदाधिकारी तथा सदस्यको सचिवालयको दरबन्दी घटाइएको) |
| २ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०८२ मङ्सिर ६ देखि १३ गतेसम्म पेरूको लिमामा आयोजना हुने International Treaty on Plant Genetic Resources for Food and Agriculture (ITPGRFA) को Governing Body को एघारौं अधिवेशन (GB-11) मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्मालाई सहभागी हुन स्वीकृति दिने। |
| ३ | गृह मन्त्रालय | २०८२ मङ्सिर ८ देखि ११ गतेसम्म मोरक्कोमा आयोजना हुने ९३ औं INTERPOL महासभामा प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीलाई सहभागी हुन स्वीकृति दिने। |
| ४ | गृह मन्त्रालय | राष्ट्रिय सभा सदस्यको रिक्त पद पुर्तिका लागि २०८२ माघ ११ गते आइतबारका दिन निर्वाचनको मिति तोक्ने। |
| ५ | गृह मन्त्रालय | देहायका क्षेत्र/प्रणालीहरूलाई प्रचलित कानूनले तोकेको सुरक्षा मापदण्ड पूरा गरेको यकिन गरी विद्युतीय प्रणाली मार्फत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा रहेको तथ्याङ्कमा पहुँच उपलब्ध गराउन सक्ने गरी क्षेत्र तोक्ने।<br>क) वैदेशिक रोजगार सेवासम्बन्धी,<br>ख) अदालतका मुद्धा व्यवस्थापनसम्बन्धी,<br>ग) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वैदेशिक अध्ययन अनुमति सेवासम्बन्धी,<br>घ) स्थानीय तहको पञ्जीकरण, नागरिकता, सामाजिक सुरक्षा, राहत तथा विपद् व्यवस्थापनसम्बन्धी,<br>ङ) अध्यागमन सेवासम्बन्धी,<br>च) बन्दीको पहिचान, प्रमाणीकरण तथा बन्दीहरूको विवरणसम्बन्धी। |
| ६ | गृह मन्त्रालय | समरजंग कम्पनी कार्यालयलाई गृह मन्त्रालयअन्तर्गत रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्व स्वीकृति दिने। |
| ७ | परराष्ट्र मन्त्रालय | बेल्जियमको ब्रसेल्समा आयोजना हुने नेपाल-यूरोपेली संघबिचको संयुक्त आयोगको सोह्रौं बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका |

| | | |
|---|---|---|
| | | सचिवको नेतृत्वको प्रतिनिधिमण्डलको मिति २०८२ मङ्सिर ९ देखि १५ गतेसम्मको भ्रमण स्वीकृत गर्ने। |
| ८ | परराष्ट्र मन्त्रालय | कतारको दोहामा आयोजना हुने Second World Summit for Social Development विषयक कार्यक्रममा २०८२ कात्तिक १७ देखि २० गतेसम्म सहभागी हुन सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलको नेतृत्वको नेपाली प्रतिनिधिमण्डलको औपचारिक भ्रमण स्वीकृत गर्ने। |
| ९ | रक्षा मन्त्रालय | नेपाली सेनाका एक जना प्रमुख सेनानीलाई महासेनानीमा र एक जना सहायक रथीलाई उपरथीमा बढुवा गर्ने। |
| १० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०८२ मङ्सिर १ देखि ३ गतेसम्म थाइल्याण्डको बैङ्ककमा आयोजना हुने Sixth Session of the Tokyo Convention Committee and the Nineteenth Session of the Bangkok Convention Committee को कार्यक्रममा सचिव (शिक्षा) श्री चूडामणि पौडेललाई सहभागी हुन स्वीकृति दिने। |
| ११ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | छापाखाना र प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। |